# कोभिड-19 खोप: के अपेक्षा गर्ने ट्रान्स्क्रप्ट

यदि तपाईं कोभिड-19 खोप लगाउँदै हुनुहुन्छ वा सो बारे सोच्दै हुनुहुन्छ भने, तपाईंले खोप लिनु अघि र पछिको बारेमा थाहा पाउनुपर्ने कुरा यहाँ दिइएको छ ।

खोप सुरक्षित छ र तपाईंलाई कोभिड-19 सङ्क्रमणबाट बचाउन मद्दत गर्दछ । खोप लगाउँदा तपाईंलाई खोपबाट कोभिड-19 सङ्क्रमण हुँदैन ।

खोपमा प्रिजर्भेटिभहरू राखिएको हुँदैन । तपाईं खोपमा समावेश गरिएका तत्वहरूको बारेमा थप जानकारीको लागि मिनिसोटा स्वास्थ्य विभागको (Minnesota Department of Health) वेबसाइट हेर्न सक्नुहुन्छ ।

सबैको लागि खोप निःशुल्क छ । बीमा र आप्रबस् स्थितिले मतलब राख्दैन ।

तपाईं आफ्नो खोप लगाउने स्थानमा पुगेपछि, तपाईंले खोपको बारेमा तथ्यगत जानकारी पर्चा पाउनुहुने छ । केही स्थानहरूमा तपाईंलाई तपाईंले तथ्यगत जानकारी पर्चा प्राप्त गर्नुभएको छ र खोप लिन सहमत हुनुहुन्छ भनेर आफ्नो नाम हस्ताक्षर गर्न भन्न सक्ने छन् । स्वास्थ्यकर्मीले तपाईंलाई खोप लगाउन ठीक छ कि छैन भनेर सुनिश्चित गर्नका लागि तपाईंलाई केही प्रश्नहरू सोध्ने छन् ।

तपाईंलाई खोप दिने व्यक्तिले तपाईंलाई दोस्रो सुई लगाउनु छ भने जानकारी गराउने छन् । यदि तपाईंलाई दुई पटक सुई लगाउनुपर्ने छ भने, दुबै सुई लगाउनु महत्त्वपूर्ण हुन्छ र दुबै सुई एकै ब्रान्डको खोप हुनुपर्दछ । दोस्रो सुई लगाउनुभन्दा पहिले तपाईंले तीन देखि चार हप्ता कुर्नुपर्ने हुन्छ ।

खोप लगाएपछि तपाईंले तपाईंमा कुनै गम्भीर एलर्जीजन्य रियाक्सनहरू नहुने कुरा सुनिश्चित गर्न क्लिनिकमा 15 देखि 30 मिनेट प्रतिक्षा गर्नुपर्ने छ । तपाईंले एउटा कार्ड प्राप्त गर्नुहुनेछ जुनमा तपाईंले खोप लगाएको मिति देखाउँदछ । अपोइन्टमेन्ट मिति कार्डमा लेख्न सकिन्छ, ताकि तपाईंले दोस्रो सुई लगाउनुपर्ने हो भने फेरि कहिले आउने भन्ने थाहा पाउनुहुने छ ।

तपाईंले खोप लगाएपछि तपाईंलाई केही साइड इफेक्ट (अन्य असर)पनि हुन सक्छ । सामान्य अन्य असरहरूमा तपाईंले खोप लगाएको ठाउँमा दुख्ने, थकित महसुस हुने, टाउको दुख्ने, शरीर दुख्ने, ज्वरो, वा काम छुट्ने पर्दछन् । अन्य असर एक वा दुई दिनमा हट्नुपर्ने हो । अन्य असर महसुस गर्नु पूर्ण रूपमा सामान्य हुन्छ र यसको अर्थ खोपले काम गरिरहेको छ । तपाईंमा कुनै अन्य असर देखिएन भने पनि ठीकै छ । यदि तपाईंमा खोप क्लिनिकबाट गइसकेपछि तपाईंमा गम्भीर एलर्जीजन्य रियाक्सन/असर देखियो भने, 911 मा फोन् गर्नुहोस्, वा नजिकको अस्पतालमा जानुहोस् ।

सिफारिस् गरिएको छ भने कोभिड-19 खोप लगाएपछि पनि तपाईंले रोकथाम गतिबिधिहरु जस्तै मस्क् लाउन, अरूबाट 6 फिट टाढा रहन, आफ्नो हात बारम्बार धुन जारी राख्नुपर्दछ ।

कोभिड-19 खोपको बारेमा थप जानकारीको लागि यो वेब् साइट हेर्नुहोस्: health.mn.gov/कोभिडvaccine

Minnesota Department of Health
Communications Office
PO Box 64975
St. Paul, MN 55164-0975
651-201-4989
health.communications@state.mn.us
www.health.state.mn.us
02/24/2021 (Nepali)

यस जानकारीलाई फरक ढाँचामा प्राप्त गर्न यस नम्बरमा *फोन्* गर्नुहोस्: 651-201-4989